नेपाल सरकार

# प्रेस विज्ञप्ति

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ३० ले कर्मचारी समायोजन ऐन, २०७४ लाई खारेज गरेको र उक्त अध्यादेशमा स्वेच्छिक अवकाश सम्बन्धि कुनै पनि व्यवस्था नभएको हुँदा अब आईन्दा स्वेच्छिक अवकाशको निवेदन फिर्ता लिइरहनु नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम कर्मचारी समायोजन सम्बन्धी कार्य प्रारम्भ भएको व्यहोरा सर्व विदितै छ । निकट भविष्यमा अध्यादेश बमोजिम कर्मचारी समायोजन सम्बन्धमा सफ्टवेयर मार्फत अनलाइन फाराम भर्ने व्यवस्था मिलाइनेछ । अनलाइन फाराम तोकिएको समय भित्र सहज र सुलभ रुपमा भर्ने कार्यमा सम्पूर्ण कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नका लागि सेवा सञ्चालन गर्ने निकायहरु, ७ वटै प्रदेशका प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयहरु, ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरु, ७७ वटै जिल्लाका जिल्ला समन्वय समितिको कार्यालयहरु र सबै स्थानिय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका) का कार्यालयहरुमा हेल्प डेस्कको व्यवस्था गर्न गराउन र हेल्प डेस्कमा खटिने जनशक्तिलाई अर्थ मन्त्रालयको स्वीकृत नर्म्स अनुसार सुविधा ताहाँबाटै उपलव्ध गराउने व्यवस्था मिलाउन पत्राचार गरिसकिएको छ । हेल्प डेस्क सञ्चालन सम्बन्धी सो पत्र यस मन्त्रलयको website मा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ । हेल्प डेस्कको व्यवस्था मिलाउने कार्यमा सेवा सञ्चालन गर्ने मन्त्रालयका सचिवज्यूहरु, सेवा सञ्चालन गर्ने निकायका प्रमुखज्यूहरु, ७ वटै प्रदेशका मन्त्रिपरिषद् तथा मुख्य मन्त्रीको कार्यालयका प्रमुखज्यूहरु, महानगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरु, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु, ७७ वटै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखज्यूहरु, ७७ वटै जिल्लाका जिल्ला समन्वय अधिकारीज्यूहरु, उपमहानगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरु, नगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरु, गाउँपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरुलाई आवश्यक सहयोग गरिदिनु हुन विशेष अनुरोध गरिन्छ । मन्त्रालयबाट समायोजनका लागि अनलाईन आवेदन दिन सूचना प्रकाशन भएकै मिति देखि कर्मचारीहरुले आवेदन गर्न सक्ने गरी उल्लिखित सबै निकायहरुमा हेल्प डेस्कको व्यवस्था मिलाई समायोजन कार्यमा सहयोग गरिदिनु हुन समेत सम्बद्ध सबैमा हार्दिक अनुरोध गरिन्छ ।

२०७५।०८।२८
(अनिता निरौला)